# पर्यटन, वन तथा वातावरण मन्त्रालय
# कोशी प्रदेश, विराटनगर

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियामवली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

मितिः २०८०-०७-०३



पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश, विराटनगर

मन्त्रालयले जानकारी गराउनु पर्ने विषयहरूको सूची

**विषयसूची**

**भाग**

**१. मन्त्रालयको स्वरूप र प्रकृति**

१.१ मन्त्रालयको परिचय

१.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

१.३ मन्त्रालयको कार्यक्षेत्र

१.४ मन्त्रालय अन्तर्गतका कार्यालयहरु

१.५ मन्त्रालयको काम कर्तव्य र अधिकार

**२. संगठन संरचना र दरवन्दी संरचना**

२.१ संगठन संरचना

२.२ हाल मन्त्रालयमा कार्यरत कर्मचारीको विवरण

**३. माननीय मन्त्री, कार्यालय प्रमुख / सचिव, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको को नाम, पद र सम्पर्क नं**

**४. यस मन्त्रालयसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाहरु**

**५. बजेट उपशिर्षक अनुसार बजेट रकम र खर्चको विवरण**

**६. सार्वजनिक निकायको वेभसाइट र इमेल**

**७. सम्पर्क विवरण**

**८. अन्य**

## १. मन्त्रालयको स्वरुप र प्रकृति

### १.१ मन्त्रालयको परिचय

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी, विराटनगरको स्थापना मिति २०७९/१०/०६ गते भएको हो । यस मन्त्रालय मिति २०७४/१०/२९ मा स्थापित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट मिति २०७८/१०/१६ गते देखि वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको रुपमा संचालन भइ पुनः संयोजन भइ स्थापना भएको हो । वि.सं. २०७२ साल असोज ३ गते जारी भएको **नेपालको संविधान**मा व्यवस्था भए बमोजिम देशलाई संघीय ढाँचामा लगेर पुन:संरचना गर्ने उद्देश्यका साथ ७ वटा प्रदेशहरु स्थापना गरिएको छ । यसमध्ये पूर्वी नेपालको १४ जिल्ला समेटिएको यस प्रदेशमा २०७९/१०/६ गते प्रदेश राजपत्रमा प्रकाशित *प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९* अनुसार ९ वटा मन्त्रालयहरु स्थापना भएका छन् । यस मन्त्रालयको कार्यक्षेत्रको रुपमा पर्यटन, वन, वन्यजन्तु, वन पैदावर, भू-संरक्षण, जलवायु परिवर्तन, वातावरण र जैविक विविधताका विषयक्षेत्रका ४१ वटा कार्यविवरणहरु रहेका छन् । यस मन्त्रालयको मातहतमा प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, पर्यटन विकास आयोजना, जलाधार व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन इकाई र पर्यटन कार्यालयहरु रहेका छन् ।

नेपालको संविधानमा स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा सुरक्षित गरिएको छ भने प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग तथा जलवायू परिवर्तन न्यूनीकरणका सम्बन्धमा राज्यले अपनाउनु पर्ने नीतिहरूका बारेमा उल्लेख भएको छ । त्यसैगरी नेपालका ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्वन एवं प्रचार प्रसार मार्फत वातावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन सँस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने गरी पर्यटन नीति अख्तियार गरेको छ । नेपालको संविधानले पर्यावरणीय दिगो विकासको सिद्धान्त अवलम्बन गर्दै दिगो विकास लक्ष्य प्राप्तिका लागि प्राकृतिक स्रोत साधनको संरक्षण, संबर्धन र उपयोग, जलवायु परिवर्तनका नकरात्मक असरको न्यूनीकरण, पर्यटनको प्रवर्द्धन र विकासका लागि संघ, प्रदेश र स्थानीय तहको अधिकारक्षेत्र निर्धारण समेत गरेको छ। सोही संवैधानिक अधिकार अन्तर्गत प्रदेश सरकारले जारी गरेको *प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९* ले निर्दिष्ट गरे अनुसार यस मन्त्रालयले आफ्नो जिम्मेवारी पूरा गर्दै आएको छ ।

नेपाल सरकारले पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरेका प्रमुख १०० वटा गन्तव्यहरु मध्ये १६ वटा नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरु यसै प्रदेशमा रहेका छन । यस प्रदेशमा जम्मा १२,७५,५७८ हेक्टर वन क्षेत्र रहेको छ जुन प्रदेशको कूल क्षेत्रफलको ४८.९६ प्रतिशत हो, जसमध्ये ३६९९ वटा सामुदायिक वन (५८०२०६ हेक्टर), ९८२ कबुलियती वन (४१९२ हेक्टर), ४४ वटा धार्मिक वन (४८२ हेक्टर), ५ वटा साझेदारी वन (१०८३८ हेक्टर) छन् । यसैगरी संरक्षित क्षेत्रको रुपमा सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु-बरुण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष र कन्चनजङ्घा संरक्षण क्षेत्र छन् । संरक्षित क्षेत्र ४,८५८ वर्ग कि.मि. र ३ वटा मध्यवर्ती क्षेत्र १२७८ वर्ग कि.मि.मा फैलिएको छ । यस प्रदेशमा रोजगारीको सृजना, आय आर्जनमा वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, घाँसपातका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन तथा जैविक विविधताको उल्लेखनीय भूमिका रहेको छ ।

नेपालको सबैभन्दा होचो भाग झापा जिल्लाको केचनाकवल (७० मी.) देखि विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८ मी.) सम्मका पर्यटन क्षेत्र/सम्पदा, वन जंगल, वन्यजन्तु, वनस्पति, जडीबुटी, भू-संरक्षण, प्राकृतिक पारिस्थितिक प्रणाली र जैविक विविधताको संरक्षण गर्दै सोबाट प्राप्त हुने लाभको समुचित र समन्यायिक वितरण गर्नु र प्राप्त स्रोतहरुको समुचित उपयोग मार्फत प्रदेश र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउनु यस मन्त्रालयको मुख्य जिम्मेवारी हो। प्रदेशको वातावरणीय सन्तुलन कायम राख्न तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै अनुकूलन अभिवृद्धि गर्न हरित विकासको अवधारणालाई अवलम्बन गर्ने नीति लिएको छ।

उल्लेखित सवालहरुको सम्बोधन गर्न मन्त्रालयले वन, वातावरण, जैविक विविधता, पर्यावरण र पर्यटन प्रवर्द्धन र विकाससँग सम्वन्धित विषयवस्तुको योजना वनाउने, लागू गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्छ । पर्यटकीय सम्भावनाका क्षेत्रहरुमा लगानी गर्ने, पर्यटन प्रवर्द्धन र विकासका कार्य गर्ने, वातावरणको स्वच्छता कायम गर्न तथा पूर्वाधार निर्माणमा वातावरणीय सन्तुलन कायम गर्नका लागि प्रस्तावित विकास आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदनहरु पुनरावलोकन गरी स्वीकृति प्रदान गर्ने र सोको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दै आएको छ । यसका साथै वातावरणीय सरसफाईका लागि जनचेतना अभिवृद्धी गर्ने विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ । त्यसैगरी वृक्षारोपण, बाढी पहिरो नियन्त्रण, गल्छी कटान रोकथाम, पानी मुहान संरक्षण, सडक किनारा संरक्षण लगायत विभिन्न कृयाकलापहरु पनि आफ्नो मातहतका निकायहरुबाट सम्पादन गर्दै आएको छ । यस्तै प्रदेश अन्तर्गतका प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण, पुनः निर्माण र व्यवस्थापनका लागि भौतिक पूर्वाधार निर्माण एवम् प्रचार प्रसारका माध्यमबाट पर्यटनको प्रवर्द्धन समेत गर्दै आएको छ ।

## १.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### क) पर्यटन

**क्षेत्रगत सोच**

पर्यटन क्षेत्रको दिगो विकास : प्रदेश समृद्धिको आधार ।

**लक्ष्य**

पर्यटन क्षेत्रको दिगो विकासद्वारा आय र रोजगारीका अवसर वृद्धि गर्ने ।

**उद्देश्य**

१. प्रदेशलाई मुलुकको पर्यावरण अनुकूल प्रमुख पर्यटन गन्तव्यको रूपमा विकास गर्नु ।

२. पर्यटकको सङ्ख्या, बसाइँ र क्रय दर वृद्धि गर्नु ।

३. पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्नु ।

**रणनीति**

१. पर्यटकीय गन्तव्य र उपजको विकास, विविधीकरण र प्रवर्द्धन गर्ने ।(१)

२. पर्यटन सेवा सुवि धाको व्यावसायीकरण गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यता अनुरूप स्तरीकरण गर्ने ।(२)

३. पर्यटकीय ब्राण्डिङ गरी विश्वमा प्रदेशको प्रचार गर्ने । (२)

४. पर्यटकीय सेवा सुवि धाको वृद्धि गरी पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्ने । (३)

५. पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान र विकासमा जोड दिने ।(३)

६. संस्थागत व्यवस्था, समन्वय र सहकार्य गर्ने ।(१-३)

**कार्यनीति**

**रणनीति १ : पर्यटकीय गन्तव्य र उपजको विकास, विविधी करण र प्रवर्द्धन गर्ने ।**

(क) आन्तरिक, भारतीय, चिनियाँ लगायत अन्य पर्यटकको आवश्यकता र चाहनालाई सम्बोधन गर्ने गरी प्रदेश पर्यटन विकास गुरुयोजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(ख) पर्यटन विविधीकरणका लागि प्याराग्लाइडिङ, क्यानोनिङ, र्‍याफटिङ, पर्वतारोहण, रक क्लाइमविङ, बन्जी जम्पिङ, घोडसवारी, जिप फ्लाइङ, गल्फ कोर्ष जस्ता साहसिक, खेलकुद, मनोरञ्जनात्मक, पर्यटकीय उपजको विकास गरिनेछ ।

(ग) आधारभूत सुविधाको प्रबन्ध गरी धार्मिक पर्यटनको क्षेत्रलाई सर्किटको रुपमा विकास गरिनेछ ।

(घ) छिमेकी मुलुकका सीमावर्ती क्षेत्रमा पर्यटक आकर्षणका प्रवर्द्धनात्मक कार्यक्रमको आयोजना गरिनेछ ।

(ङ) प्रवर्द्धन र प्रचार प्रसारका लागि आवश्यक सामग्री तयार गरी प्रचार प्रसार र बजारीकरण गरिनेछ ।

(च) पर्यटन प्रवर्द्धनका लागि वि देशमा रहेका नेपाली र नेपाली संस्थाको परिचालन गरिनेछ ।

(छ) पर्या -पर्यटनको विकास तथा प्रवर्द्धन गरिनेछ ।

**रणनीति २ : पर्यटन सेवा सुविधा को व्यावसायीकरण गरी अन्तर्राष्ट् य मापदण्ड तथा मान्यता अनुरूप स्तरीकरण गर्ने ।**

(क) पर्यटन सेवा सुविधालाई अन्तर्राष्ट्रिय मापदण्ड र मान्यता अनुसार पर्यावरण अनुकूल, जबाफदेही र जिम्मेवार बनाउन आवश्यक नीति बनाई लागू गरिनेछ ।

(ख) पर्यटन उद्यमशीलता विकास गर्न निजी क्षेत्रको सहकार्यमा अन्तर्राष्ट्रिय स्तरको तालिमको व्यवस्था गरी पर्यटन क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको उत्पादन गरिनेछ ।

(ग) तारे तथा पर्यटकीय होटलको सेवा सुवि धाको स्वमूल्याङ्कन गरी व्यावसायिकता अभिवृद्धि गरिनेछ ।

(घ) स्थानीय पर्यटन सेवासँग सम्बन्धी तालिम प्रदान गरी व्यावसायि कता साथै गुणस्तर अभिवृद्धि र स्थानीय रोजगारी प्रवर्द्धन गरिनेछ ।

(ङ) होमस्टेलाई प्रवर्द्धन र व्यावसायीकरण गरी स्थानीय अर्थतन्त्रमा योगदान पुर्‍याइनेछ ।

(च) स्थानीय कला संस्कृति झल्कने सम्पदाको संरक्षण र प्रदर्शन गरी पर्यटकलाई आकर्षित गर्न सङ्ग्रहालयको स्थापना गरिनेछ ।

(छ) होटल, रेस्टुरेन्ट तथा सेवा गृहको उपहार बिक्री कक्ष स्थापना गरी स्थानीय विशेषता झल्कने उत्पादनको बिक्री र प्रवर्द्धन गरिनेछ ।

**रणनीति ३: पर्यटकीय ब्राण्डिङ गरी विश्वमा प्रदेशको प्रचार गर्ने ।**

(क) स्थान विशेषको विशिष्ट ताका आधारमा स्थानीय पर्यटकीय ब्राण्डको विकास गरिनेछ ।

(ख) प्रदेशका प्रसिद्ध हि माल आरोहण गर्ने आरोहीलाई सम्बन्धित देशमा प्रदेश पर्यटन सद्भाव दूतको रूपमा पर्यटन प्रवर्द्धन गर्न उपयोग गरिनेछ ।

(ग) प्रदेशको पहिचान दिलाउने विभिन्न वस्तु उत्पादन गरी पर्यटकलाई किन्न आकर्षि त गरिनेछ ।

**रणनीति ४ : पर्यटकीय सेवा सुविधाको वृद्धि गरी पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्ने ।**

(क) गुणस्तरीय पर्यटन विकासमा होटल तथा अरू सेवा सुवि धामा लगानी आकर्षण गर्न स्थानीय करमा छुट र सुविधाका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ ।

(ख) गुणस्तरीय पर्यटन वि स्तारमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

(ग) पर्यटकको सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

(घ) मेला आयोजना गरी पर्यटन सामग्रीको प्रचार प्रसार एवम् बिक्री गरिनेछ।

(ङ) साहसिक पर्यटन क्षेत्रमा विपद्जन्य सूचना तथा संयन्त्रको व्यवस्था मिलाइनेछ ।

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय होटल सञ्जाल स्थापनाका लागि समन्वय र प्रोत्साहित गरिनेछ ।

(छ) पर्यटकीय सेवा प्रदायक संस्था र कार्यरत जनशक्तिको क्षमता र सीप विकास गरी सेवाको गुणस्तर अभि वृद्धि गरिनेछ ।

(ज) पर्यटक आगमन बिन्दुमा आतिथ्यता व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था मिलाइनेछ ।

**रणनीति ५ : पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान र विकासमा जोड दिने ।**

(क) पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान गरी विकास गरिनेछ ।

(ख) पर्यटकको आगमन र बसाइमा वृद्धि गर्न नयाँ पर्यटकीय वस्तुको विकास र विस्तार गरिनेछ ।

(ग) सबै मौसममा पर्यटक आकर्षित गर्न पर्यटन प्याकेजको व्यवस्था गरिनेछ ।

(घ) धार्मिक र सांस्कृतिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धन गरिनेछ ।

(ङ) प्रमुख पर्यटकीय केन्द्र र पदमार्गका महत्वपूर्ण बिन्दुमा जाति विशेषका सङ्ग्रहालय र सांस्कृतिक कार्यक्रमको व्यवस्था गरी स्थानीय कला संस्कृति र परम्परासँग पर्यटनलाई जोड्दै लगिनेछ ।

**रणनीति ६ : संस्था गत व्यवस्था , समन्वय र सहकार्य गर्ने ।**

(च) प्रादेशिक पर्यटन सम्बन्धी सस्थागत संरचनाको स्थापना गरी पर्यटन सम्बन्धी कार्यको विकास, व्यवस्थापन र नियमन गरिनेछ ।

(छ) विभिन्न पर्यटकीय प्रवेश स्थल र पर्यटन केन्द्रमा निजी क्षेत्रसँगको साझेदारीमा पर्यटन सूचना केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

(ज) स्थानीय तहमा उद्यान, बालउद्यान, पर्यटकीय पदमार्ग, तथा ऐतिहासिक स्थलको पहिचान र संरक्षण, सङ्ग्रहालय, चिडियाखाना आदि स्थलको विकास गर्न स्थानीय सरकारसँग सहकार्य गरिनेछ ।

(झ) आन्तरिक पर्यटन आकर्षि त गर्न प्रमुख पर्यटन स्थलसम्म भरपर्दो र सहज यातायातको पहुँच पुऱ्याउन स्थानीय तहसँग सहकार्य गरिनेछ ।

(ञ) स्तरीय पर्यटकीय होटल स्थापना, पर्यटकीय पूर्वाधारको विकास र विस्तार एवम् पर्यटकीय केन्द्रमा हवाई सेवाको विस्तार आदिमा निजी क्षेत्र र अन्तर सरकार समन्वय गरिनेछ ।

(ट) पर्यटक प्रवेश गर्ने नाका, विमानस्थल, सार्वजनिक स्थललाई आकर्षक, व्यवस्थित, सुविधामय बनाउन सम्बन्धित संस्थासँग समन्वय गरिनेछ ।

## ख) वन तथा जैविक विविधता

**क्षेत्रगत सोच**

संरक्षित वन, जैविक विविधताः स्वच्छ र समृद्ध प्रदेश ।

**लक्ष्य**

प्रदेश गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान वृद्धि हुने ।

**उद्दे श्य**

१. वनक्षेत्रको विकास एवम् दिगो व्यवस्थापन गर्दै वातावरण, जैविक विविधता र जलाधारको संरक्षण गर्नु ।

२. वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गरी समुदायलाई न्यायोचित वितरण सुनिश्चित गर्नु ।

३. उच्च मूल्य जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन र मूल्य अभि वृद्धि गरी निर्या त प्रवर्द्धन गर्नु ।

**रणनीति**

१. वन क्षेत्र तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन र उपयोगमा स्थानीय जनताको पहुँच बढाउने ।(१)

२. अन्तर सरकार, सरोकारवाला निकाय र निजीक्षेत्रसँगको समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्ने । (१)

३. वनक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन र रोजगारीसँग आवद्ध गर्ने । (२)

४. जैविक विविधताको संरक्षण र पर्या -पर्यटनको विकास गर्ने । (२)

५. वनक्षेत्र भित्र धरातलीय सम्भाव्यताका आधारमा उच्च मूल्यका जडीबुटीको विकास र विस्तार गरी निर्यात प्रवर्द्धन गर्ने ।

**कार्यनीति**

**रणनीति १ : वन क्षेत्र तथा जैविक विविध ताको वैज्ञानिक व्यवस्थापन र उपयोगमा स्था नीय जनताको पहुँच बढाउने।**

(क) समुदायमा आधारित वृक्षारोपण, वन संरक्षण र वैज्ञानिक व्यवस्थापन गराइनेछ ।

(ख) वनको दिगो व्यवस्थापनका लागि सूचक आधारमा राम्रो गर्ने समुदायलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

(ग) वन क्षेत्रको अतिक्रमण नियन्त्रणका लागि नीतिगत र संरचनागत व्यवस्था गरी अन्तरनि काय समन्वय गरी कार्ययोजना कार्यान्वयन गरिनेछ ।

(घ) वन डढेलो नि यन्त्रण गर्न, डढेलो प्रतिरोधी क्षमताको विकास, संस्थागत व्यवस्था, समुदायको क्षमता विकास, अग्निरेखा निर्माण र व्यवस्थापन, आकाशे पानी सङ्कलनमा जनसहभागिता आदि कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) सडक तथा सिँचाइ संरचनाका दायाँबायाँ भू–संरक्षण गर्ने र पूर्वा धारलाई बाधा नपुग्ने खालका वृक्षारोपणलाई प्रोत्साहित गरिनेछ ।

(च) व्यावसायिक वृक्षारोपण, कृषि, वन, गैरकाष्ठ प्रजाति र जडीबुटी खेतीका लागि निजी जग्गा भाडामा लिने दिने सम्बन्धी कानूनी व्यवस्थाका लागि नेपाल सरकारको समन्वयमा आवश्यक व्यवस्था गरिनेछ ।

(छ) सामुदायिक वनको उत्पादन विविधीकरण, उत्पादकत्व वृद्धि, उपयोग, लाभको न्यायिक वितरण र बजारीकरणका लागि आवश्यक अनुसन्धान गरिनेछ ।

(ज) हरित अभियान मार्फत वन तथा जैविक विविधतामा टेवा पुऱ्याइनेछ ।

**रणनीति २ : अन्तर सरकार, सरोकारवाला निकाय र निजीक्षेत्रसँगको समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्ने ।**

(क) वन, वातावरण, जैविक विविधता र जलाधार संरक्षणको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, निजीक्षेत्र, विकास साझेदार, सामुदायिक संस्था सबैसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) वन क्षेत्रको न्यूनतम क्षति हुने गरी समन्वयात्मक रूपमा विकास कार्यक्रम सञ्चालन गरिनेछ । वन क्षति भएको अवस्थामा सम्बन्धित संस्थाले वि नाशको क्षतिपूर्ति गर्नु पर्ने व्यवस्था गरिनेछ ।

**रणनीति ३ : वनक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन र रोजगारीसँग आवद्ध गर्ने ।**

(क) वैदेशि क रोजगारीबाट फिर्ता आएका युवा युवतीलाई वनमा आधारित साना तथा मझौला उद्योगमा लगानीका लागि प्रोत्साहन "वैदेशिक रोजगारी फिर्ती युवा उद्यम कार्यक्रम" सञ्चालनको लागि आवश्यक कानून र कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

(ख) निजी तथा सार्वजनिक जग्गामा समुदाय र निजी क्षेत्रको सहभागि तामा वृक्षारोपण गरी वन पैदावारको सहज आपूर्तिको व्यवस्था गरिनेछ ।

(ग) बारी, कान्ला र खेतको सि माना छुट्टि ने ठाउँमा हरित पेटी र सुरक्षा पेटी कायम हुने गरी बढी मूल्य जाने बिरुवा लगाउन निःशुल्क बिरुवा वि तरणका साथै अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) कृषि जमिनको धरातलीय र हावापानीको सम्भाव्यता अनुसार उच्च मूल्यका फलफूलका बिरुवा रोप्न प्रोत्साहन गरी उत्पादित उपजको बजार पहुँचको व्यवस्था मिलाइनेछ ।

(ङ) विदेशबाट हुने काठको आयात घटाएर शून्यमा झार्दै वन पैदावार खासगरी काठ तथा काष्ठजन्य फर्निचरको उत्पादनमा प्रदेशलाई आत्मनिर्भ र बनाइनेछ ।

(च) हालको गैरकाष्ठ वन पैदावारको बिक्रीबाट प्राप्त हुने राजस्व अभिवृद्धि गर्न सबै बिक्रीलाई राजस्वको दायरा भित्र ल्याइनेछ, यसका लागि राजस्व प्रशासनमा उल्लेखनीय सुधार गरिनेछ ।

(छ) वन पैदावारको आपूर्ति मा निजी क्षेत्र र समुदायलाई खुल्ला बजार पद्धतिमा आवद्ध गरी प्रतिस्पर्धात्मक बनाइनेछ।

**रणनीति ४ : जैविक विविधताको संरक्षण र पर्या –पर्यटनको विकास गर्ने ।**

(क) जैविक विविधता संरक्षणको दृष्टि कोणले स्थापना भएका मौजुदा राष्ट्रि य नि कु ञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रलाई सङ्घीय सरकारसँगको सहकार्यमा पर्या –पर्यटन प्रवर्द्धनका लागि खुल्ला गर्न आवश्यक कानून निर्माण गरी न्यूनतम पूर्वाधार विस्तार गरिनेछ ।

(ख) हाल व्यवस्थित जलाधार तथा उप-जलाधार क्षेत्रमा रहेका सार्वजनिक तथा निजी जग्गाका रुख, बोटबिरुवाले ओगटेको क्षेत्रफल वृद्धि गरिनेछ ।

(ग) उच्च मूल्यका बिभिन्न फलफू ल, गैरकाष्ठ, वन पैदावार, जडीबुटी, अम्रिसो, बाँस, निगालो, बहुवर्षिय घाँस आदि लगाउन आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरी कृषकलाई आकर्षित गरिनेछ ।

(घ) सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि समुदायसँग सहकार्य गरिनेछ ।

**रणनीति ५ : वनक्षेत्र भित्र धरातलीय सम्भाव्यताका आधारमा उच्च मूल्यका जडीबुटीको विकास र विस्तार गरी निर्यात प्रवर्द्धन गर्ने ।**

(क) आयुर्वेद विभागको समन्वयमा महत्वपूर्ण जडीबुटीको अध्ययन अनुसन्धान गरिनेछ ।

(ख) धरातलीय सम्भाव्यताका आधारमा हिमाली, पहाडी र तराई क्षेत्रमा उच्च मूल्यका जडीबुटीको खेती गर्न आवश्यक प्रोत्साहन स्वरूप बिउ तथा अन्य सुविधाको व्यवस्था मिलाइनेछ ।

(ग) मूल्य अभिवृद्धिको लागि जडीबुटी प्रशोधन र भण्डारणको आवश्यक व्यवस्था मिलाइनेछ ।

(घ) जडीबुटीको गुणस्तर वृद्धि गरी छिमेकी लगायत अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

(ङ) प्रदेशस्तर र जिल्लास्तरमा वनस्पति उद्यानको स्थापना र व्यवस्थापनका लागि समुदायसँग सहकार्य गरिनेछ ।

## ग) वातावरण तथा जलवायु परिवर्तन

**क्षेत्रगत सोच**

वातावरणीय स्वच्छता सहितको दिगो विकास ।

**लक्ष्य**

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै अनुकूलन बढाउने गरी विकास कार्यक्रम सञ्चालन हुने ।

**उद्देश्य**

१. विकास तथा अन्य मानवीय क्रियाकलापबाट वातावरणमा पर्ने प्रभाव न्यूनीकरण गर्दै वातावरणीय स्वच्छता कायम गर्नु ।

२. विकास प्रक्रिया तथा मानवीय क्रियाकलापलाई जलवायु परिवर्तन अनुकूलित बनाउनु ।

**रणनीति**

१. वातावरणीय संरक्षण तथा प्रदूषण नियन्त्रणलाई विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा स्थापित गर्ने । (१)

२. फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग र सहजीकरण गर्ने । (१)

३. खुला स्थान र उद्यानको स्थापना र विस्तार गर्ने ।(१)

४. सङ्घसँगको सहकार्यमा जलवायु परिवर्तनको क्षेत्रमा अन्तर्राष्ट्रिय क्षेत्रमा हुने लगानी बढाउने तथा यसलाई प्रादेशिक बजेट प्रणालीमा आवद्ध गर्ने ।(२)

५. जलवायु परिवर्तन अनुकुलन र वातावरण संरक्षण गर्ने। (२)

**कार्यनीति**

**रणनीति १ : वातावरणीय संरक्षण तथा प्रदूषण नियन्त्रणलाई विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा स्थापि त गर्ने ।**

(क) जनस्तरमा वातावरणीय सचेतना र सावधानीका कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) वातावरण र जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

(ग) वातावरण मैत्री योजना निर्माण तथा कार्यान्वयनमा जोड दिइनेछ ।

(घ) प्राकृतिक स्रोतबाट आर्जित आयको निश्चित हि स्सा वातावरणीय अनुसन्धान, विकास र संवर्द्धनमा खर्चिने व्यवस्था मिलाइनेछ ।

(ङ) वायु प्रदूषण, ध्वनि प्रदूषण, जल प्रदूषण र अन्य वातावरणीय जोखिम कम गर्न संस्थागत संयन्त्र निर्माण गरी तयारी अवस्थामा (Preparedness) राखिनेछ ।

**रणनीति २: फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग र सहजीकरण गर्ने ।**

(क) फोहरमैलाको वैज्ञानिक व्यवस्थापनका निमित्त स्थानीय तहलाई सहयोग पुऱ्याइनेछ ।

(ख) स्थानीय तहका बीच एकीकृत फोहरमैला स्रोत परिचालन केन्द्र (स्यानेटरी ल्याण्ड फिल साइट) स्थापनामा सहजीकरण र उत्प्रेरित गरिनेछ ।

(ग) फोहरमैला व्यवस्थापन सम्बन्धी नवीन प्रविधिको प्रयोग र पुनर्प्रयोगमा स्थानीय तहलाई सहजीकरण गरिनेछ।

**रणनीति ३: खुला स्थान र उद्यानको स्थापना र विस्तार गर्ने ।**

(क) खुला स्थान, बाल उद्यान, बनस्पति उद्यान लगायतका उद्यानको स्थापनामा स्थानीय तहलाई सहयोग गरिनेछ।

(ख) थिमपार्क तथा उद्यान स्थापनामा निजी क्षेत्रको सहभागिता प्रोत्साहित हुने गरी आवश्यक नीतिको तर्जुमा गरिनेछ ।

(ग) राष्ट्रिय प्रति भाको संस्मरणमा नयाँ एकीकृत उद्यान स्थापना गर्न सहकार्य गरिनेछ ।

(घ) वनक्षेत्र वाहेकका अन्य सरकारी, सार्वजनिक तथा गुठीको खाली जग्गामा स्थानीय तहको समन्वयमा हरियाली प्रवर्द्धन गरिनेछ ।

**१.३ मन्त्रालयको कार्यक्षेत्र:**

यस मन्त्रालयको निम्न कार्यक्षेत्रहरु रहेका छन ।

१. पर्यटन
२. वन तथा जैविक विविधता
३. वातावरण तथा जलवायू परिवर्तन

**१.४ मन्त्रालय अन्तर्गतका कार्यलयहरु**

वन निर्देशनालय, कोशी प्रदेश
डिभिजन वन कार्यालय

१. डिभिजन वन कार्यालय, ताप्लेजुङ्ग
२. डिभिजन वन कार्यालय, पाँचथर
३. डिभिजन वन कार्यालय, इलाम
४. डिभिजन वन कार्यालय, झापा
५. डिभिजन वन कार्यालय, संखुवासभा
६. डिभिजन वन कार्यालय, भोजपुर
७. डिभिजन वन कार्यालय, तेह्रथुम
८. डिभिजन वन कार्यालय, धनकुटा
९. डिभिजन वन कार्यालय, मोरङ्ग
१०. डिभिजन वन कार्यालय, सुनसरी
११. डिभिजन वन कार्यालय, सोलुखुम्बु
१२. डिभिजन वन कार्यालय, ओखलढुंगा
१३. डिभिजन वन कार्यालय, खोटाङ्ग
१४. डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)
१५. डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी)

भू तथा जलाधार व्यवस्थापन कार्यालय

१६. भू तथा जलाधार व्यवस्थापन कार्यालय, धनकुटा
१७. भू तथा जलाधार व्यवस्थापन कार्यालय, ओखलढुंगा

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कोशी प्रदेश
जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई, विराटनगर

पर्यटन कार्यालय

१. पर्यटन कार्यालय, धरान
२. पर्यटन कार्यालय, काँडभिट्टा

पर्यटन विकास आयोजना

## १.५ मन्त्रालयको काम, कर्तव्य र अधिकार


नेपालको संविधान २०७२ को धारा १७४ को उपधारा (१) वमोजिम यस प्रदेशको प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत गरेको *प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९* को नियम ४ अनुसूची —२ को बुदा नं. ८ मा यस मन्त्रालयबाट सम्पादन हुने ४१ वटा कार्यहरु तोकिएको छ । यस पर्यटन, वन तथा वातावरण मन्त्रालयका कार्यजिम्मेवारी निम्नानुसार रहेका छन् ।

१. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन,
२. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
३. पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,
४. ग्रामिण पर्यटन, पर्या-पर्याटन, सम्मेलन पर्यटन, धार्मिक पर्याटन इत्यादि सम्वन्धी,
५. संघीय कानून बमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन सम्वन्धी,
६. संघ र प्रदेशको सम्वन्धित मन्त्रालययसँगको समन्वयमा पर्यटकीय प्रहरी व्यवस्थापन
७. प्रदेशस्तरमा पर्यटन प्रवर्द्धनका लागि सङ्ग्राहलय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
८. पर्यटकीय महत्वका विश्वसम्पदा सूचीमा परेका सम्पदा, प्राचीन स्मारक एवं स्थल र दरवारहरुको संरक्षण, सम्भार, उत्खनन् तथा पुननिर्माण तथा व्यवस्थापन सम्वन्धी विषय
९. महत्वपूर्ण पर्यटकीय स्थलहरुको अध्ययन तथा अनुसन्धान,
१०. पर्यटकीय गन्तव्य स्थलको पहिचान र प्रवर्द्धन,
११. होमस्टे सम्वन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र सो सम्वन्धी पूर्वाधार निर्माण,
१२. साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन,
१३. पर्यटन विकास र प्रवर्द्धनका लागि विविधतायुक्त मौलिक कला संस्कृति र ग्रामीण पर्यटनबीचको अन्तरआवद्धता, संयोजन समन्वय, योजना निर्माण तथा र्यान्वयन,
१४. पर्यटकीय पदमार्ग र पर्यटकीय एडभेन्चर क्रियालापहरु सम्वन्धी,
१५. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
१६. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण
१७. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङग्रहालय व्यवस्थापन
१८. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
१९. चिडियाखानाको व्यवस्थापन
२०. जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन
२१. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह
२२. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग
२३. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन
२४. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड
२५. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
२६. प्रदेशभित्र भू तथा जलाधार संरक्षण
२७. वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
२८. वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
२९. वातावरणीय सूचना प्रणालीको स्थापना
३०. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
३१. वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन

३२. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा बिद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
३३. न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
३४. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, सम्वर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण
३५. वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
३६. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
३७. नदी उकास, नहर तथा सडक किनारामा वृक्षारोपण, व्यवस्थापन
३८. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन
३९. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
४०. प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
४१. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

## २. संगठन संरचना र दरवन्दी संरचना

## २.१ संगठन संरचना



## २.२ हाल मन्त्रालयमा कार्यरत कर्मचारीको विवरण

| क्र.स. | कर्मचारीको नाम | पद | मन्त्रालय / शाखा | सम्पर्क नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | डा. सन्जीव कुमार राई | प्रदेश सचिव | मंत्रालय | | sanjeevkrai4@gmail.com |
| २ | अखिलेश कुमार गुप्ता | सहायक वन अधिकृत (आठौं) | वन, वन्यजन्तु व्यवस्थापन तथा उद्दम शाखा | | mofesc.fms@gmail.com |
| ३ | राकेश निरौला | अधिकृतस्तर आठौँ | प्रशासन, योजना तथा अनुगमन शाखा | | Rakeshniraula2@gmail.com |
| ४ | गंगाराम साहु | अधिकृतस्तर आठौँ | भु तथा जलाधार व्यवस्थापन शाखा | | |
| ५ | पेम्बा शेर्पा | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | ९८५२६८४९४० | |
| ६ | सोमेश्वर कुमार दास | सहायक वन अधिकृत (सातौं) | प्रशासन, योजना तथा अनुगमन शाखा | | |
| ७ | रमेश नेपाल | कानून अधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा | 9842394142 | nepal8880@gmail.com |
| ८ | राजेश तामाङ्ग | सहायक वनस्पती अधिकृत | जैविक विविधता शाखा | 9842205559 | rajes_tmg@yahoo.com |
| ९ | सन्तोष मोक्तान | सूचना अधिकारी | विज्ञान तथा सूचना प्रविधि शाखा | -9852035247 | santosh.moktan@nepal.gov.np |
| १० | विनोद खतिवडा | सहायक वन अधिकृत (सातौं) | विज्ञान, वातावरण तथा जलवायू परिवर्तन महाशाखा | | |
| ११ | कुलदिप प्रसाद यादव | अधिकृत सातौं(प्रा.) | पर्यटन विकास आयोजना (कामकाज) | | |
| १२ | राम सुन्दर थापा | शाखा अधिकृत | पर्यटन प्रवर्द्धन शाखा | | |
| १३ | गायत्र श्रेष्ठ | शाखा अधिकृत | पर्यटन विकास आयोजना (कामकाज) | | |
| १४ | सम्पुर्ण थापा | शाखा अधिकृत | पर्यटन प्रवर्द्धन शाखा | | |
| १५ | रेवती ढुङ्गाना | अधिकृतस्तर छैटौँ | प्रशासन, योजना तथा अनुगमन शाखा | | |
| १६ | हेमराज अर्याल | अधिकृतस्तर छैटौँ | पर्यटन प्रवर्द्धन शाखा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | कपिलदेव अधिकारी | अधिकृतस्तर छैटौँ | जलवायू परिवर्तन तथा जलवायू वित्त शाखा / वातावरण शाखा | 9852083606 | kapildevadk@gmail.com |
| १८ | सिता राई | सहायकस्तर पाचौ | भू तथा जलाधार शाखा | 9862308370 | sitarai065@gmail.com |
| १९ | जानुका बास्तोला | सहायकस्तर पाचौ | | 9844326299 | bastolajanuka8@gmail.com |
| २० | अमेश सिहं | सह-लेखापाल | आर्थिक प्रशासन शाखा | 9862645076 | |
| २१ | देवी राई | आधारभुत तह | प्रशासन, योजना तथा अनुगमन महाशाखा | | |
| २२ | सीता देवी राई | आधारभुत तह | प्रशासन, योजना तथा अनुगमन महाशाखा | | |
| २३ | जयराम राजबंशी | कार्यालय सहयोगी (करार) | प्रशासन, योजना तथा अनुगमन महाशाखा | 9804385564 | |
| २४ | सजन कामत | हलुका सवारी चालक (करार) | प्रशासन, योजना तथा अनुगमन महाशाखा | 9842098756 | |
| २५ | श्रवण राय | हलुका सवारी चालक (करार) | प्रशासन, योजना तथा अनुगमन महाशाखा | 9862207905 | |

**३. कार्यालय प्रमुख, प्रवक्ता, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नं:**

| **मुख्यमन्त्री तथा मन्त्री** | **कार्यालय प्रमुख/सचिव** |
| --- | --- |
|  |  |
| **नाम**: माननीय केदार कार्की<br>**सम्पर्क नं.**<br>**पद**: मुख्यमन्त्री तथा मन्त्री | **नाम**: सन्जीव कुमार राई<br>**सम्पर्क नं.** ९८५१२७९९४४<br>**पद**: सचिव |

| **सूचना अधिकारी** | **गुनासो सुन्ने अधिकारी** |
| --- | --- |
|  |  |
| **नामः सन्तोष मोक्तान**<br>**फोन नं:** ०२१- ४६०२२४<br>**इमेलः**<br>santoshmoktantamang@gmail.com<br>**मो नम्बर: 9852036224** | **नामः राकेश निरौला**<br>**फोन नं:** ०२१- ४६०२२४<br>**इमेल:**<br>rakeshniraula2@gmail.com<br>**मो.नं:**9842047208 |

**४. यस मन्त्रालय सम्बन्धि कानूनहरुः**

**संघीय ऐन तथा नियमहरु**

| **संघीय ऐनहरु** | **संघीय नियामवलीहरुः** |
|---|---|
| अभिलेख संरक्षण ऐन, २०४६ | अभिलेख संरक्षण नियमावली, २०६३ |
| आर्थिक कार्यविधि ऐन, २०५५ | आर्थिक कार्यविधि नियमावली, २०६४ |
| उपभोक्ता संरक्षण ऐन, २०७५ | उपभोक्ता संरक्षण नियमावली, २०५६ |
| औद्योगिक व्यवसाय ऐन, २०७३ | ओजन तहलाई नष्ट गर्ने पदार्थको उपभोग (नियन्त्रण) नियमावली, २०५७ |
| कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | करार सेवा नियमहरु, २०२६ |
| केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक | केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०६३ |
| जलचर संरक्षण ऐन, २०१७ | क्यासिनो नियमावली, २०७० |
| जलस्रोत ऐन, २०४९ | खनिज सर्वेक्षण (भत्ता तथा सुविधा) नियमहरु, २०२४ |
| निजामती सेवा ऐन, २०४९ | खानी तथा खनिज पदार्थ नियमावली, २०५६ |
| नेपाल कानुन व्याख्या सम्बन्धी ऐन, २०१० | जलचर (ठेक) नियम, २०१९ |
| नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन, २०३७ | जलयात्रा नियमावली, २०६३ |
| नेपाल सन्धी ऐन, २०४७ | जलस्रोत नियमावली, २०५० |
| नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | निजामती सेवा नियमावली, २०५० |
| नेपालको संविधान | नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४० |
| पेटेण्ट,डिजायन तथा ट्रेडमार्क ऐन, २०२२ | नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ती) नियमहरु, २०५१ |
| प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ | नेपाल सरकार(कार्य विभाजन) नियमावली, २०७४ |
| फोहोरमैला ब्यवस्थापन ऐन, २०६८ | प्रतिलिपी अधिकार नियमावली, २०३१ |
| | प्रतिष्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण नियमावली, २०६६ |

| | |
|---|---|
| फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४<br>मुलुकी अपराध (संहिता) ऐन, २०७४<br>मुलुकी देवानी (संहिता) ऐन, २०७४<br>मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४<br>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९<br>राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९<br>लगानी बोर्ड ऐन, २०६८<br>वन ऐन २०४९<br>वातावरण संरक्षण ऐन, २०५३<br>विशेष आर्थिक क्षेत्र ऐन, २०७३<br>सार्वजनिक खरिद ऐन, २०६३<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४<br>सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय ब्यापारलाई नियमन ऐन, २०७३<br>कम्पनि ऐन २०६३ संशोधित २०७४<br>कम्पनि ऐन २०६३<br>प्राइभेट फम रजिष्ट्रेषन ऐन २०१४<br>वातावरण संरक्षण ऐन २०५३ | प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४<br>प्राचित स्मारक संरक्षण नियमावली, २०४६<br>फोहोरमैला ब्यवस्थापन नियमावली, २०७०<br>फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्वन्धी नियमावली, २०७५<br>बिउ बिजन नियमावली, २०६९<br>बिरुवा संरक्षण नियमावली, २०६६<br>भू तथा जलाधार संरक्षण नियमावली, २०४२<br>भ्रमण खर्च नियमावली, २०६४<br>मदिरा नियन्त्रण (सेवा दस्तुर) कोष नियमावली, २०५४<br>मदिरा नियमहरु, २०३३<br>मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली, २०५२<br>मुलुकी देवानी कार्यविधि नियमावली, २०७५<br>मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५<br>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०<br>राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१<br>लगानी वोर्ड नियमावली, २०६९<br>वन नियमावली, २०५१<br>वन्यजन्तु आरक्ष नियमावली, २०३४<br>वातावरण संरक्षण नियमावली, २०५४<br>विशेष आर्थिक क्षेत्र नियमावली, २०७४<br>संरक्षण क्षेत्र ब्यवस्थापन नियमावली, २०५३<br>संरक्षण क्षेत्र सरकारी ब्यवस्थापन नियमावली, २०५७<br>संस्था दर्ता नियमावली, २०३४ |

| | |
|---|---|
| | सार्वजनिक खरिद नियमावली, २०६४<br><br>सिंचाई नियमावली, २०५६<br><br>स्थानीय स्वायत्त शासन नियमावली, २०५६<br><br>हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६<br><br>हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६<br><br>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम<br><br>२०७०<br><br>वातावरण संरक्षण नियमावली २०५४ |

**प्रादेशिक ऐन तथा नियमहरुः**

| **प्रादेशिक ऐनहरुः** | **प्रादेशिक नियामवलीः** |
|---|---|
| प्रदेश १ प्रदेश बाताबरण संरक्षण ऐन २०७६.pdf<br>आर्थिक ऐन, २०७५.pdf<br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४.pdf<br>प्रदेश वित्त ब्यवस्थापन ऐन, २०७५.pdf<br>प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्वन्धमा ब्यवस्था गर्न वनेको ऐन, २०७५.pdf<br>प्रशासकीय कार्यविधि (नियमति गर्ने) ऐन, २०७५.pdf<br>मूख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवा ऐन, २०७५.pdf<br>पर्यटन विकास ऐन २०७६.pdf<br>प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७.pdf<br>प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन २०७७.pdf<br>प्रदेश वन ऐन, २०७७.pdf | प्रदेश आर्थिक कार्यविधि नियमावली ,२०७५.pdf<br>प्रदेश मन्त्रालयको कार्य बिवरण.pdf<br>सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५.pdf<br>योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७७_0.pdf<br>होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७_0.pdf<br>प्रदेश उद्योग, वाणिज्य, आपूर्ति कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७_0.pdf<br>प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण नियमावली २०७७.pdf<br>प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४.pdf |

४. बजेट उपशीर्षक अनुसार बजेट र खर्च को सारांश

| प्रदेश सरकार | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट उपशीर्षक अनुसार बजेट र खर्च को सारांश | | | | | | | | | | | |
| आर्थिक वर्ष २०८०/८१ | | | | | | (महिना देखि : श्रावण महिना सम्म : असोज) | | | (रु.हजारमा) | | |
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३२९०००११ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९६००० | १६६०० | ११२६०० | १२१७१ | ९२ | १२२६४ | १२.६८ | ०.५६ | १०.८९ |

**६. यस मन्त्रालयको आधिकारिक वेभसाइट र इमेलः**

यस मन्त्रालयको आधिकारिक वेभसाइट **motfe.koshi.gov.np** र इमेल **moitfepradesh1@gmail.com** / **info.moitfe@p1.gov.np** रहेको छ।

**७. सम्पर्क विवरणः**

**पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**कोशी प्रदेश, विराटनगर।**


**फोन नं.** ०२१- ४६०२२४, ४६१०४५ ,४६३११९

**फ्याक्स नं.** : ०२१- ४६०४४६

**इमेलः** moitfepradesh1@gmail.com

**वेभसाइटः** motfe.koshi.gov.np

## ८. अन्य




- **व्यवस्थापन गर्नुपर्ने वन क्षेत्र (१५ डिभिजन तथा १०४ सबडिभिजन)**
  - **85038 हेक्टर वनक्षेत्र/डिभिजन वन कार्यालय**
  - **12265 हेक्टर वनक्षेत्र/प्रति सवडिभिजन वन कार्यालय**

